नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

## प्रेस विज्ञप्ति

विश्वभर महामारीको रूप लिंदै नेपालमा समेत उच्च रुपमा फैलिएको कोभिड-१९ भाइरस विरूद्धका सरकारी प्रयासहरू निरन्तर जारी र क्रियाशील छन्। कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) बाट समय-समयमा भएको आदेश र सम्माननीय प्रधानमन्त्रीज्यूले राष्ट्रका नाममा सम्बोधन गर्दा दिनुभएको निर्देशन कार्यान्वयनको समीक्षा र कार्यान्वयनमा थप प्रभावकारिता ल्याउन आज नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा कोभिड-१९ सहजीकरण बैठक सम्पन्न भयो।

कोभिड-१९ सहजीहरण बैठक यस अघि भएका निर्णयहरू कार्यान्वयनको समीक्षा र थप गर्नुपर्ने रणनीतिको बारेमा केन्द्रित रहयो। उक्त बैठकमा पूर्ण क्षमतामा अक्सिजन उत्पादन गर्न उद्योगहरूलाई नियमित उद्योग सञ्चालन गर्न विद्युत र पानीको सुनिश्चतता र थप सुरक्षा प्रवन्ध गर्नुपर्ने, अस्पतालबाट खाली भएका सिलिन्डर आ-आफ्नो उद्योगमा समयमै पठाउनुपर्ने, कम जोखिममा रहेका र उत्पादन बढि भएका काठमाडौं उपत्यका बाहिरका जिल्लाहरूको उत्पादन क्षमता हेरी बाहिरबाट काठमाडौं उपत्यकामा ग्यास सिलिन्डर ल्याउनुपर्ने, चिकित्सकको सिफारिस विना रेम्डेसिभिर नदिने प्रबन्ध गर्ने तथा अस्पताहरूमा भएको प्लान्टको अवस्थाको विश्लेषण गर्नुपर्ने विषयमा छलफल भयो।

त्यस्तै अस्पतालहरूमा विद्युत आपूर्ति नभएको अवस्थामा पनि सञ्चालनको विकल्प तयार पार्नुपर्ने, प्रदेशस्तरका ठूला अस्पताललाई डेडिकेटेड अस्पताल तोक्नुपर्ने, प्राईभेट तवरबाट अक्सिजन ल्याउन सक्ने/नसक्ने अवस्थाको विश्लेषण गर्नुपर्ने, लिक्वीड अक्सिजन राख्ने व्यवस्था भएका अस्पतालमा लिक्वीड अक्सिजनको प्रयोगबाट सेवा सुचारु गर्ने, खोपलाई उच्च प्राथमिकता दिनुपर्ने, संक्रमित दश जिल्लाको विश्लेषण गर्नुपर्ने, ग्रामीणवस्तीमा संक्रमण जान नदिन हरसम्भव प्रयास गर्नुपर्ने जस्ता विषयमा समेत छलफल भयो। उक्त बैठकमा थप समन्वय बढाउन ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव, खानेपानी मन्त्रालयका सचिव, नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक र औषधि व्यवस्था विभागका महानिर्देशकलाई समेत छलफलका लागि आमन्त्रण गरिएको थियो।

त्यस अवसरमा मुख्य सचिवज्यूबाट तत्कालीन र दीर्घकालीन योजनासहित थप कार्य जिम्मेवारी र जवाफदेहिताका साथ अगाडि बढ्नुपर्ने निर्देशन भयो। मुख्यतया अक्सिजनको सहज आपूर्ति तथा अस्पतालहरूको क्षमता वृद्वि गरी बेड संख्या र सामर्थ्य बढोत्तरी गर्ने, असहज र अमानवीय तवरले



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

फाइदा लिन खोज्ने, कालोबजारी गर्ने/गराउनेलाई कानून अनुसार तत्काल कारवाही गर्ने, ग्रामीणवस्तीलाई सुरक्षित बनाउन स्थानीय तहबाट हरसम्भव प्रयास गर्नुपर्ने, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बेड संख्या, विरामी संख्या, रिक्त बेड संख्या, कुन-कुन विषयमा उपचार हुन्छ सो को विवरणसहित सर्वसाधरणले सहजै हेर्न पाउने, जानकारी हुने र पहँच हुने तवरले एप बनाई कार्यान्वयनमा ल्याउन समेत निर्देशन दिनुभयो। यसका अतिरिक्त सि.सि.एम.सि. ले एक हप्ताभित्र ९० दिनको कार्ययोजना बनाउने जसमा मुख्यतः अक्सिजन, बेड संख्या, अस्पतालको क्षमतासहितको रोकथाम, नियन्त्रण र उपचारका सबै विषय समेटी विस्तृत योजना बनाउन तथा अक्सिजनको तत्काल आपूर्ति गर्न क्षमता बढाउने, आयातको प्रबन्ध गर्ने, पूर्ण क्षमतामा उत्पादन गर्ने सहितको एकीकृत प्याकेज निर्माण गर्ने लगायतका विषयमा निर्देशन भयो। यसमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, खानेपानी मन्त्रालय र ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको समेत परामर्श लिई अगाडि बढ्नुपर्ने विषयमा निर्देशन भयो।

गृह मन्त्रालयका अनुसार आज अन्तर्राष्ट्रिय सीमानाकाबाट प्रवेश गर्ने नेपालीहरुको संख्या ४,२१९ छ भने जम्मा ९ जना विदेशीले मात्र नेपाल प्रवेश गरेका छन्। साथै होटल क्वारेन्टाइनको प्रयोगका सम्बन्धमा जिल्लास्थित डि.सि.सि.एम.सि. मार्फत निरन्तर अनुगमन भइरहेको छ। क्वारेन्टाइनको नियम पालना नगर्ने ६ जना उपर कारवाही र जरीवाना गरिएको छ। यसलाई अझ बढी तीव्रता दिन सबै डि.सि.सि.एम.सि. लाई थप निर्देशन समेत दिइएको जानकारी प्राप्तभएको छ।

अक्सिजन पलान्टको ५४ पटक निरीक्षण तथा अनुगमन गरिएको छ भने उद्योग तथा निर्माण क्षेत्रबाट फिर्ता गराएको अक्सिजन सिलिन्डर संख्या १,०१९ रहेको छ। काठमाडौं उपत्यका बाहिरका जिल्लामा हाल उपलब्ध कोभिड डेडिकेडेड अस्पताल ३१० तथा वेड संख्या ११,५१३ रहेको छ । त्यसै गरी जम्मा एच.डि.यू. संख्या २,१५० छ भने आई.सि.यू. संख्या १,८२८ रहेको छ। त्यस्तै भेन्टिलेटर संख्या ६४८ उपलब्ध छ। आइसोलेसन सेन्टरको हकमा अक्सिजन सहित २,१९० र अक्सिजन बाहेक १,६७९ उपलब्ध रहेको अवस्था छ। यसप्रकारका स्वास्थ्य पूर्वाधार बढाउने कार्यमा क्रमशः बढोत्तरी हुँदै आएको छ।



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

 उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार विगत दुई वर्षदेखि बन्द अवस्थामा रहेको काठमाडौं चाल्नाखेलस्थित एभरेष्ट अक्सिजन प्रा.लि. मिति २०७८/०१/२६ गतेबाट सञ्चालनमा आएको अवस्था छ। त्यसैगरी दश वटा अक्सिजन उद्योगहरूमा औद्योगिक प्रयोजनमा रहेका ४,३६१ वटा सिलिन्डर फिर्ता गरिनुका साथै पाँच वटा लिक्वीड अक्सिजन प्लान्ट सञ्चालनमा आएका छन्। नेपालमा कुल अक्सिजन सिलिण्डर संख्या १,०८,१६४ रहेकोमा काठमाडौं उपत्यकाका दश उद्योगहरूमा ठुलो ४७,००० र सानो २९,९१० गरी जम्मा ४९,९१० रहेको अवस्था छ। त्यस्तै उपत्यका बाहिर १९ वटा उद्योगहरूमा ठुलो २२,३५० र सानो ८,९०४ गरी जम्मा ३१,२५४ अक्सिजन सिलिन्डर रहेको अवस्था छ। वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट उपत्यकामा एक वटा टोली परिचालन गरी नियमित बजार अनुगमन गरिरहेको समेत जनाएको छ।

परराष्ट्र मन्त्रालयका अनुसार चीन सरकारले उपलब्ध गराउने ५ मिलियन युआन अनुदान सहायता अन्तर्गत ३५०० थान अक्सिजन सिलिण्डर र १० थान भेण्टिलेटर मध्ये ४०० थान अक्सिजन सिलिन्डर र १० थान भेण्टिलेटर तथा निजी क्षेत्रबाट प्राप्त हुने १७३ थान अक्सिजन कन्सन्ट्रेटर समेत ढुवानी गर्नका लागि सम्बन्धित निकायहरुसँग समन्वय तथा सहजीकरण भएको अवस्था छ। अमेरिकाले वितरण गर्ने ६ करोड डोज एस्ट्राजेनेका भ्याक्सिन मध्ये नेपालले समेत प्राप्त गर्न कूटनीतिक पहल भैरहेको छ। त्यस्तै अमेरिकाबाट सहयोग स्वरुप प्राप्त हुने स्वास्थ्य सामग्री (पिपिइ, एन्टिजेन टेस्ट किट र अक्सिजन कन्सन्ट्रेटर) यसै हप्ताभित्र आइपुग्ने जानकारी प्राप्त भएको छ। अमेरिकास्थित नेपाली राजदूतावासले त्यहाँका राजनीतिज्ञ, नेपालका लागि पूर्व राजदूतहरु तथा नागरिक समाज समेतसँग सम्पर्क गरी सहयोगका लागि आवश्यक पहल भएको समेत जानकारी गराएको छ।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारको लागि रु. २,७१,४१,९५२ बराबरका २०,७१,६८५ थान विभिन्न मेडिकल उपकरणहरू र रु. १५,९२,४७,८३१ बराबरका औषधीहरु भन्सारबाट पैठारी भएको अवस्था छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार गत २४ घण्टामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका साथै पोखरा र लुक्ला विमानस्थलबाट विभिन्न वायुसेवाले १४९ आन्तरिक उडान भरी जम्मा ३९८ यात्रुको उद्धार गरिएको अवस्था छ। कुल उडानमध्ये मेडिकल उद्धारको उडान संख्या ६५ रहेको छ। त्यसैगरी हिमालय एयरलाईन्सले काठमाडौं-कुन्मिङ्ग-काठमाडौं कार्गो उडान भरी १२.३ टन कोभिडसम्बन्धी स्वास्थ्य सामग्री लिई आएको छ। चीनबाट प्राप्त हुने अक्सिजन सिलिण्डर,



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-

चं.नं.: भेन्टिलेटर र अक्सिजन कन्सन्ट्रेटरको पहिलो लट लिन नेपाल वायुसेवा निगमको कार्गो उडान (RA-4251) आज बेलुका ११:३० बजे बेईजिङ्ग प्रस्थान गर्ने कार्यक्रम रहेको छ।

भाइरस जस्तो अदृष्य र घातक रोगसँगको लडाईं सरकारको एक्लो प्रयासले मात्र सम्भव नहुने कुरा विश्वका अनुभवहरूले सिद्ध गरिसकेका छन्। तथापि, आफ्नो स्रोतसाधन र सामर्थ्यले सम्भव भएसम्म सर्वसाधारण जनताको जीवन रक्षाको लागि सरकार अत्यन्त संवेदनशील छ। सबै सरोकारवालाको सहयोग र सहकार्यमा मात्र हामीले कोभिड-१९ जस्तो प्राणघातक भाइरस विरूद्धको अभियानलाई सफल पार्न सक्छौं। यस अवस्थाबाट पार पाउन र जनस्वास्थ्यको रक्षाको लागि सम्बन्धित सबैमा साथ, सहयोग र सहकार्यका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हार्दिक अपिल गर्दछ।

२०७८ वैशाख २७

किरणराज शर्मा
प्रवक्ता



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np